कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसचोक, चितवन
बागमती प्रदेश, नेपाल

मितिः २०८०/११/०२

## न्युनतम रोजगारमा संलग्न हुनका लागि निवेदन पेशगर्ने सम्बन्धी

## सूचना ! सूचना !! सचना !!!

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५(दोस्रो संसोधन २०७८) को दफा १८, युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि २०७९,रोजगारीको हक सम्बन्धि ऐन २०७५ को दफा ११, रोजगारी हक सम्बन्धी निमावली २०७५ को दफा ७ बमोजिम आगामी आर्थिक वर्ष २०८१/०८२ मा यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतम १०० दिनको रोजगारीमा संलग्न भई सार्वजनिक विकास तथा पुर्वाधार विकास निर्माणका कार्यमा योगदान गर्न ईच्छुक १८ देखि ५९ उमेर सम्मका बेरोजगार व्यक्तिहरूले २०८० फागुन मसान्त सम्ममा आफु स्थाई बसोबास गरेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८) को अनुसूचि १ (संसोधित निवेदन) बामोजिम बेरोजगार व्यक्तिको सूचिमा सुचिकृत हुन रितपुर्वक निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

न्युनतम रोजगार,न्युन आय भएका वा स्वरोजगारमा संलग्न नरहेका नागरिकको अधिकार तथा विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने कार्यक्रमको सोच भएकाले सोही बमोजिमका व्यक्तिहरूलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, कालिका नगरपालिकाको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट https://pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिन्छ। साथै सूचीकरणको लागि निवेदन दिदाँ निवेदन र निजका परिवारको यथार्थ विवरण र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रूपमा भर्नुहुन अनुरोध छ ।

तपसिल

क) बेरोजगार आवेदन दर्ता निवेदन १ थान (निवेदनमा आवश्यक व्यहोरा खुलेको हुनुपर्ने छ, अन्यथा निवेदन स्वतः निष्कृय हुनेछ),

ख) निवेदकले हालसालै खिचेको पासपोर्ट साईजको फोटो,निवेदकको नागरिकता र नागरिकता प्राप्त गरेको परिवारका सदस्यहरूको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि(बालबालिकाको हकमा उमेर खुल्ने कागजातको प्रतिलिपि) १/१ थान

ग) अन्यत्रबाट बसाईसरि आउनुभएको हकमा बसाईसराई प्रमाणपत्र प्रतिलिपि तथा विवाह दर्ता प्रमाण पत्र प्रतिलिपि १/१थान

घ) निवेदन फारममा उल्लेखित पारिवारिक विवरण, पारिवारिक आय परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा कोष, न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका वा अन्य सुरक्षा कोषबाट आर्थिक सुविधा लिइरहेको/नरहेको अनिवार्य उल्लेख हुनुपर्नेछ।

ङ) गत आ.व. हरूमा निवेदन दिएका व्यक्तिहरूले पुनः निवेदन दिनुपर्नेछ ।

च) निवेदनमा उल्लेखीत सम्पुर्ण विवरण अनिवार्य रूपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचीकृत गरिने छ । अन्यथा रितपुर्वक विवरण नभरिएका कागजात नपुगेका र वडाबाट प्रमाणित नभएका फारमहरू सुचना प्रणालीमा प्रविष्ट गरिने छैन वा त्यस्ता फारमहरूलाई मान्यता दिईने छैन ।

थप जानकारीको लागि
सम्बन्धित वडा कार्यालय वा कालिका नगरपालिकाको
रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोला ।

०८०/११/२

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

**चूडामणि शर्मा गौतम**
**प्रमुख प्रशासकिय अधिकृत**

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np